# आधारभूत तहका प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकासका लागि पुर्नताजगी तालिम पाठ्यक्रम

१.	परिचय

विज्ञान र प्रविधिको विकास सँगसँगै विश्व अहिले एउटा सानो गाउँको रूपमा विकास भएको छ। परिणामस्वरूप ज्ञानको क्षेत्र पनि फराकिलो भएको छ । यी विकसित क्षेत्रहरूलाई आम नागरिकको बिचमा पुर्‍याउने प्रमुख जिम्मेवारी भने विद्यालयको हो । उक्त ज्ञानको क्षेत्रहरूलाई आम नागरिकको बिचमा पुर्‍याउनका लागि विद्यालयहरू सक्षम हुन जरूरी छ । विद्यालयहरूलाई सही दिशा बोध गर्नको लागि संस्थाको प्रमुखको नाताले प्रधानाध्यापक प्रमुख नेतृत्वकर्ताको रूपमा रहेको हुन्छ । नेतृत्व गर्नका लागि कुशल नेतृत्व क्षमताको आवश्यकता पर्दछ । विद्यालयको नेतृत्वकर्ता सक्षम,  प्रभावकारी योजना निर्माण गर्न सक्ने, स्रोतको समुचित व्यवस्था गर्न सक्ने, समयानुकूल शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन गर्न गराउन सक्ने, विद्यालयमा विद्यमान विविधतालाई व्यवस्थापन गर्न सक्ने, शिक्षकहरूलाई पेसागत सहयोग गरी अभिप्रेरित गर्न सक्ने, समुदायलाई परिचालन गरी विद्यालय परिवारबाट काम लिन सक्ने, कानुनी रूपमा साक्षर र समय समयमा सिर्जना हुने द्वन्द्वहरूको हल गर्न सक्ने  किसिमको भए मात्र विद्यालयले आफ्नो लक्ष्य हासिल गर्न सक्दछ । आफ्नो संस्थाको उच्चतम प्रगतिको लागि विद्यालयका नेतृत्वकर्ताको रूपमा रहेमा प्रधानाध्यापकले सकारात्मक सोचको प्रयोग गरी आफ्नो विद्यालयमा व्यवस्थापक, सहजकर्ता, शिक्षक, द्वन्द्व व्यवस्थापक, समय व्यवस्थापक, तनाव व्यवस्थापक र अनुगमनकर्ताको रूपमा, भूमिका खेल्नुपर्दछ । यसका लागि प्रधानाध्यापक नेतृत्व तथा व्यवस्थापन  र पेसागत क्षमतासम्बन्धी नवीनतम ज्ञान तथा सिपमा निपुण भएको हुनुपर्दछ । प्रधानाध्यापकले आफ्नो ज्ञान र सिपको प्रदर्शनको माध्यमबाट आफूलाई आदर्श व्यक्तिको रूपमा विकास गरी विद्यालयका शिक्षक, विद्यार्थी तथा कर्मचारी र विद्यालयसँग सम्वन्धित सरोकारवालाहरूको  मार्गदर्शक बन्न सक्नुपर्दछ ।

यसै गरी प्रधानाध्यापकले विद्यालय, समुदाय र शिक्षाका सम्बद्ध सरकारी निकायबिच सेतुको काम गरिरहेको हुन्छ । विद्यालय केन्द्रित व्यवस्थापनको अवधारणाअन्तर्गत बढीभन्दा बढी अधिकार र दायित्व विद्यालयलाई प्रदान गरी विद्यालयको व्यवस्थापन गर्न खोजिएको वर्तमान सन्दर्भमा प्रधानाध्यापकका लागि अझ नयाँ र प्रभावकारी व्यवस्थापकीय नेतृत्व सिपको खाँचो देखिएको छ । सोअनुरूप प्रधानाध्यापकहरूलाई  यस परिवर्तित सन्दर्भमा कस्ता खालका समस्याहरू समाधान गर्न आवश्यक छ भनी आश्यकता सङ्कलन गरी तालिम कार्यक्रमको पाठ्यक्रम तयार पारिएको हो ।

यसरी आवश्यकतामा आधारित तालिमबाट प्रधानाध्यापकहरूले वास्तविक रूपमा भोगेका समस्याहरू समाधान गर्ने अवसर प्राप्त हुने भएकाले यो तालिम बढी प्रभावकारी हुनेसमेत विश्वास लिइएको छ । यसबाट विद्यालयको समग्र विकास र विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

## २. तालिमका सक्षमताहरू

यस तालिमको अन्त्यमा सहभागीहरूमा निम्नलिखित समक्षमताहरू हासिल हुने छन्:

(क) शैक्षणिक नेतृत्वका शैलीहरूको विश्लेषण र प्रयोग

(ख) स्व व्यवस्थापन, समय र तनाव व्यवस्थापन र सकारात्मक सोचको विकास र अवलम्बन

(ग) विद्यालय व्यवस्थापन तथा सुशासन: स्व विद्यालय मूल्याङ्कन प्रक्रिया विश्लेषण र SIP निर्माणमा प्रयोग र SIP निर्माणका आधारहरू, शैक्षणिक योजना, साङ्गठनिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन, निरीक्षण तथा सुपरभिजन, जवाफदेहिता

(घ) विद्यालय तहको पाठ्यक्रमको विद्यमान अवस्थाको विश्लेषण र कार्यान्वयन

(ङ) शिक्षण सिकाइमा सूचना र प्रविधिको प्रयोग

(च) सामुदायिक विद्यालय व्यवस्थापनमा प्रयोग गरिएका विभिन्न असल अभ्यासहरू

(छ) पूर्वीय दर्शनका मूल्य मान्यता एवम् विचारको बोध र प्रस्तुति

(ज) आर्थिक व्यवस्थापन

## ३. तालिमका सिकाइ उपलब्धिहरू

यस तालिमको अन्त्यमा सहभागीहरूमा निम्नलिखित सिकाइ उपलब्धिहरू हासिल हुने छ ।

क) विद्यालयको सफल नेतृत्व गर्न आवश्यकताअनुसार सही नेतृत्व शैलीहरू छनोट र प्रयोग।

ख) विभिन्न व्यवस्थापकीय सिपहरू जस्तैः स्व व्यवस्थापन, तनाव व्यवस्थापन, समय व्यवस्थापन, जनशक्ति व्यवस्थापन आदिको विकास गर्न ।

ग) विद्यालय विकासको लागि आर्थिक एवम् भौतिक स्रोतको पहिचान, व्यवस्थापन र परिचालन गर्न।

घ) विद्यालय व्यवस्थापन तथा सुशासन: स्व विद्यालय मूल्याङ्कन प्रक्रिया विश्लेषण र SIP निर्माणमा प्रयोग र SIP निर्माणका आधारहरू, शैक्षणिक योजना, साङ्गठनिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन, निरीक्षण तथा सुपरभिजन, जवाफदेहिता बहन गर्न ।

ङ) आधारभूत तहको पाठ्यक्रमको विद्यमान अवस्थाको विश्लेषण र कार्यान्वयन गर्न ।

च) विद्यालय व्यवस्थापन र शिक्षण सिकाइमा प्रयोग हुने सूचना तथा सञ्चार प्रविधिका एप्स र टुलसँग परिचित हुन र प्रयोग गर्न ।

छ) विद्यालयमा भएका आर्थिक तथा जिन्सी कारोवारहरूको व्यवस्थित अभिलेखीकरण गर्न ।

ज) सामुदायिक विद्यालय व्यवस्थापनमा विभिन्न असल अभ्यासहरू प्रयोग गर्न।

झ) पूर्वीय दर्शनका मूल्य मान्यता एवम् विचारको बोध र प्रस्तुति गर्न ।

## ४. तालिमका मुख्य विषयवस्तुहरू

- नेतृत्वको अर्थ तथा शैलीहरू
- शैक्षणिक नेतृत्वको अर्थ तथा चरणहरू
- विद्यालय व्यवस्थापन तथा सुशासन**:** स्व विद्यालय मूल्याङ्कन प्रक्रिया विश्लेषण र SIP निर्माणमा प्रयोग र SIP निर्माणका आधारहरू**,** शैक्षणिक योजना, साङ्गठनिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन, निरीक्षण तथा सुपरभिजन, जवाफदेहिता
- सुशासनको अर्थ र अवधारणा, सुशासनका आयामहरू, सुशासन कायम गर्न प्रधानाध्यापकको भूमिका
- आधारभूत तहको पाठ्यक्रम र कार्यान्वयन
- शिक्षण सिकाइमा सूचना र प्रविधिको प्रयोग
- सामुदायिक विद्यालय व्यवस्थापनमा प्रयोग गरिएका विभिन्न असल अभ्यासहरू
- आर्थिक व्यवस्थापन ।

## ५. विषयवस्तुको क्षेत्र र क्रमको विस्तृतीकरण

**प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकासका पुर्नताजगी तालिम**

| क्र.सं. | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | भार |
|---|---|---|---|
| १. | शैक्षणिक नेतृत्व | ● नेतृत्वको अर्थ तथा शैलीहरू (Meaning of leadership and leadership approaches)<br>➢ कार्य विभाजनमुखी नेतृत्व (Distributive Leadership)<br>➢ सम्बन्धात्मक नेतृत्व (Relational Leadership)<br>➢ परिवर्तनकारी नेतृत्व (Transformative Leadership) | २ सेसन |

| | | | |
|---|---|---|---|
| | | • शैक्षणिक नेतृत्वको अर्थ (Meaning of Insructional Leadership)\<br>• शैक्षणिक नेतृत्वको चरणहरू (Steps of Instructional Leadership)<br>➢ शैक्षिक मानक स्थापना, कार्यान्वयन र प्राप्ति गर्नुहोस् (Establish, Implement, and Achieve Academic Standards)<br>➢ आफ्ना शिक्षक तथा कर्मचारीका लागि एक शिक्षण स्रोत बन्नुहोस् (Be an Instructional Resource for Your Staff)<br>➢ आफ्ना सिकाइ सहयोगी स्कूल कल्चर र क्लाइमेटको सिर्जना गर्नुहोस् (Create a School Culture and Climate Conducive to Learning)<br>➢ आफ्ना विद्यालयको दूरदृष्टि तथा सङ्कल्पको सञ्चार गर्नुहोस् (Communicate the Vision and Mission of Your School)<br>➢ आफ्ना शिक्षक तथा कर्मचारी एवम् आफूसमेतबाट उच्च अपेक्षा निश्चय गर्नुहोस् (Set High Expectations for Your Staff and Yourself)<br>➢ शिक्षक नेतृत्व विकास गर्नुहोस् (Develop Teacher Leaders)<br>➢ विद्यार्थी, शिक्षक तथा कर्मचारी एवम् अभिभावकसँग सकारात्मक सम्बन्ध स्थापना गर्नुहोस् (Establish and Maintain Positive Relationships with Students, Staff and Parents)<br>• विद्यालय व्यवस्थापनमा शैक्षणिक नेतृत्वको प्रयोग (Use of Instructional Leadership for School Management) | |

| | | | |
|---|---|---|---|
| २. | विद्यालय व्यवस्थापन तथा सुशासन | • विद्यालय व्यवस्थापन तथा सुशासन स्वः विद्यालय मूल्याङ्कन प्रक्रिया विश्लेषण र SIP निर्माणमा प्रयोग र SIP निर्माणका आधारहरू, शैक्षणिक योजना, साङ्गठनिक व्यवस्थापन, जनशक्ति व्यवस्थापन, निरीक्षण तथा सुपरभिजन, जवाफदेहिता<br>• विद्यालय सुशासनको अवधारणा, सुशासनका आयाम, शैक्षिक सुशासन कायम गर्न प्रधानाध्यापकको भूमिका | ३ सेसन |
| ३. | स्रोत व्यवस्थापन | • स्रोत व्यवस्थापनको अवधारणा<br>• मानवीय स्रोत (Human Resource), सामग्री स्रोत (Material Resource) तथा आर्थिक स्रोत (Financial Resource) व्यवस्थापन<br>• खर्च लाग्ने स्रोतहरू (Monetary)<br>• खर्च नलाग्ने स्रोतहरू (Non- Monetary)<br>• आन्तरिक र बाह्य स्रोतहरू<br>• स्रोत परिचालन<br>• प्रस्ताव लेखन | २ सेसन |
| ४. | आधारभूत तहको पाठ्यक्रम | • आधारभूत तहको पाठ्यक्रमको विद्यमान अवस्था<br>• एकीकृत पाठ्यक्रमको अवधारणा र विद्यमान अवस्था<br>• एकीकृत पाठ्यक्रममा मूल्याङ्कनसम्बन्धी व्यवस्था<br>• मूल्याङ्कनमा रुब्रिक्सको प्रयोग | २ सेसन |
| ५. | शिक्षण सिकाइमा सूचना र प्रविधिको प्रयोग | • इमेल र इन्टरनेटको प्रयोग<br>• डिजिटल कक्षा व्यवस्थापन<br>• शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग | २ सेसन |
| ६. | सामुदायिक विद्यालय व्यवस्थापनमा प्रयोग गरिएका विभिन्न असल अभ्यासहरू | विद्यालयका असल अभ्यास र प्रस्तुति अनुभव आदानप्रदान | २ सेसन |

| | | | |
|---|---|---|---|
| ७. | आर्थिक व्यवस्थापन | • खरिद व्यवस्थापन<br>• खाता सञ्चालन,<br>• भौचर, बिल, भरपाई, दोहोरो लेखा प्रणाली<br>• जिन्सी व्यवस्थापन<br>• लेखा परीक्षण | २ सेसन |
| | | जम्मा | १५ सेसन |

## ६. तालिम सहजीकरण प्रक्रिया

- प्रस्तुतीकरण र छलफल विधि
- प्रयोगात्मक विधि
- अनुसन्धानात्मक विधि
- सहभागितामूलक विधि
- अन्वेषणात्मक विधि
- प्रदर्शन तथा नमुना शिक्षण
- समूह कार्य र जोडी कार्य
- समूह छलफल र अनुभव आदानप्रदान
- आत्म प्रतिविम्बन

## ७. तालिम मूल्याङ्कन प्रक्रिया

प्रशिक्षकहरूबाट सहभागीहरूको तालिम सञ्चालनको क्रममा उनीहरूको सहभागिता र प्रस्तुतीकरणको आधारमा निरन्तर मूल्याङ्कन हुने छ। तालिमको सुरु र अन्त्यमा प्रिटेस्ट र पोस्टटेस्ट गर्न सकिने छ।